स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



टिजर, शीर्ष गीत र ट्रेलरपछि फिल्म 'रावायण'को चर्चा चुलिएको छ। एक्सन दृश्यले फिल्मप्रति दर्शकमा हुटहुटी बढाएको देखिन्छ। कलाकारको 'लाइनअप' पनि बलियो भएकाले फिल्मले बक्स अफिसमा राम्रो व्यापार गर्न सक्ने धेरैको प्रक्षेपण छ। 'तिम्रै लागि' बोलको प्रेमिल भावको अभिनेता पल शाह र अभिनेत्री पूजा शर्मा प्रस्तुत छन्।भारतका चर्चित गायक कुणाल गाञ्जावाला रहेको शब्द संगीत छ।

**आजको विचार...**



बंगलादेश...
(दुई पेजमा)

नारायण पौडेल

(दुई पेजमा)



बसन्त निरौलाको निर्देशनमा बनेको फिल्म 'ज्वाइँ साब'को टिजर सार्वजनिक गारिएको छ। १ मिनेट ४१ सेकण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ। विवाहका लागि पात्रहरुले गरेको संघर्षलाई रोचक शैलीमा देखाइएको छ। टिजरको अन्तिममा अभिनेता जितु नेपाल र अभिनेत्री नीति शाह बेहुला-बेहुली बनेर देखिएका छन्। र, नीतिको घरमा जितु भित्रिएका छन्। मीनादेवी खड्क, सौगात पण्डित र पदमलाल तामाङको निर्माण रहेको फिल्ममा जितु कविता आले लगायतको पनि अभिनय छ।


❐ वर्ष ३० ❐ अंक ४५ ❐ २०८१ भदौ १४ गते शुक्रबार 30 August 2024, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# बाटो कुर्दै आफन्त, अझै भेटिएनन् बेपत्ता पारिएका

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ १३/गुल्मीको चोर काटेकी ६५ वर्षीया सीता थापा (नाम परिवर्तन)ले छोराको पर्खाइमा थुप्रै वर्ष बिताईन् । सशस्त्र द्वन्द्वको बेलामा २१ वर्षीय पूरन बहादुर थापा बेपत्ता पारिएका थिए । आमा सीता अझै पनि बेपत्ता छोराको पर्खाइमा छिन् । भनिन्छ 'सास छुउञ्जेल आश हुन्छ । तर यतिका वर्ष बित्दा पनि न सास आयो न लास । ' आमाको मन न हो, छिनाउन खोज्दा पनि छिन्दैन छोरा फर्किहाल्ने आशाको त्यान्द्रो । माओवादी युद्धको बेला आम नागरिक युद्धको चेपुवामा थिए । थापा त एक प्रतिनिधि पात्रा मात्रै हुन । उनी जस्ता धेरै आमा बुवाहरु आफ्ना छोराछोरीहरुको पर्खाइमा छन् । नेपालमा बेपत्ता पारिएकाहरुको यकिन तथ्यांक नभए पनि धेरै बेपत्ता पारिएको छ ।

नेपालमा २०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले थालेको दशक लामो सशस्त्र संघर्षका समयमा सरकार र विद्रोहीका तर्फबाट हजारौं नागरिक जबर्जस्ती बेपत्ता पारिएका थिए । हिंसाको बाटो अख्तियार गरेको माओवादी शान्ति प्रक्रियामा आएर पटक-पटक सरकारमा गए पनि सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता बनाइएकाहरूको अवस्था भने आज पनि अज्ञात नै छ । बेपत्ता भएका व्यक्तिहरूको खोजी गर्न पीडितहरुले निरन्तर आवाज उठाइरहेका छन् । पीडित हुनेहरुको संख्या पनि बढी छ । त्यस क्रममा ज्यान गुमाएका, बेपत्ता पारिएका र अंगभंग भएकाहरू पनि ठूलै संख्यामा छन् । हराएका आफन्त खोज्न साँघुरो कोठाबाट बाहिर निस्किए पनि बेपत्ताको अत्तोपत्तो छैन ।



नेपालको शान्ति प्रक्रियाको मूल पाटो मानिएको सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन हुन नसक्दा यसले लामो समयदेखि न्यायको पर्खाइमा रहेकाहरू निराश छन् । सरकार पछिल्लो पटक शान्ति प्रक्रियाका बाँकी काम फत्ते गर्ने भन्दै लागेको छ । लामो समयपछि अहिले बल्ल संक्रमणकालिन न्याय सम्बन्धि विधेयक पारित भएको छ । यसले केही आशा भने जगाएको छ । पीडितहरुले न्याय पाउनेमा थोरै भए पनि आश गर्न सकिन्छ ।

**संक्षिप्त समाचार**

## बाढीका कारण २८ को मृत्यु

**(रासस/एएफपी)**

**अहमदाबाद,** भदौ १३/भारतको गुजरात राज्यमा भारी मनसुनी वर्षाले निम्त्याएको बाढीका कारण विगत तीन दिनमा कम्तीमा २८ जनाको मृत्यु भएको छ । मौसम विभागले पश्चिमी तटीय राज्यमा बिहीबार थप भारी वर्षा हुने चेतावनीसमेत दिएको छ । भारी बर्षाका कारण नदीको बहावहरू बढेका छन् भने नदी नजिक बसोबास रहेका ३० हजार भन्दा बढी मानिसहरू घर छोडेर सुरक्षित स्थानमा स्थानान्तरण भएका छन् । गुजरात सरकारले बुधबार १३ जनाको बाढीमा डुबेर मृत्यु भएको तथा बाँकीको घर वा रूखहरूले पुरिएर मृत्यु भएको जनाएको छ । इन्डियन एक्सप्रेसले राज्यभरी समाचार तयार पार्दासम्म बाढीका कारण ३५ जनाको मृत्यु भएको उल्लेख गरेको छ । स्रोतका अनुसार विपद्बाट करिब एक हजार ८५६ जनालाई उद्धार गरिएको तथा राहत कार्यका लागि सेनाका अधिकारीहरू तैनाथ गरिएको छ । विपत्का कारण उर्जा तथा बिद्युत सेवा प्रभावित हुँदा करीब एक हजार गाउँहरू बिद्युतविहीन भएको जनाइएको छ । विपद् अधिकारीहरूले सार्वजनिक गरेको तस्बिर तथा भिडियोमा उनीहरूले बाढीमा फसेका मानिसहरूलाई बचाउनका कागि प्रयास गरिरहेको देखाइएको छ । विज्ञहरूले जलवायु परिवर्तनले मौसमको ढाँचा परिवर्तन गर्दा चरम मौसमी दुर्घटनाको सङ्ख्या बढाइरहेको जनाएका छन् ।

## कॉंग्रेस पाल्पाका पूर्व सभापति विप्रको निधन, देउवाद्वारा दु:ख व्यक्त



**पाल्पा,** भदौ १३/नेपाली काँग्रेस पाल्पाका पूर्व सभापती ठाकुर चन्द्र (विप्र) कोइरालाको निधन भएको छ । प्रजातन्त्र सेनानी एवं नेपालको लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा विप्रको ८५ वर्षको उमेरमा विहीबार निधन भएको हो ।

आफ्नै निवास तानसेन-७ बर्तुङमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ । वि.स. १९९६ भाद्र ३० गते पाल्पामा जन्मिका कोइराला २०४८ देखि २०५२ सम्म नेपाली काँग्रेस पाल्पाको सभापति थिए । पार्टीको विभिन्न तहमा रही कार्य गरेका स्वर्गीय कोइराला संगठन निर्माणको क्रममा वि.सं. २०१५ मा युवा काँग्रेस पाल्पाको अध्यक्ष बनेका थिए ।

**-बाँकी अन्तिम पेनमा...**

## तानसेनका उपभोक्तालाई खानेपानी महसुलमा छुट दिन सत्तारुढ दलको माग

**संगीता आचार्य**

**पाल्पा,** भदौ १३/तानसेनका उपभोक्ताहरुबाट खानेपानी महसुल दर बढी भएको गुनासो आएपछि सत्तारुढ दुई ठूला दल नेपाली काँग्रेस र नेकपा एमाले तानसेन नगर समितिले उपभोक्ता समिति समक्ष महसुलमा छुट दिन माग गरेका छन् । उनीहरुले तानसेन खानेपानी उपभोक्ता समितिलाई ध्यानाकर्षण गराउँदै तत्काल उपभोक्ताको गुनासोलाई सम्बोधन गर्ने गरी खानेपानी महसुलमा छुट दिन माग गरेका हुन् ।



नेपाली काँग्रेसका नगर सभापति सुवर्णमुनी शाक्य, एमालेका नगर अध्यक्ष गुँराश आत्रेयले समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाउँदै खानेपानी महसुलमा तत्काल छुट दिन अनुरोध गरेका छन् । सभापति/अध्यक्ष सहित पदाधिकारी तथा सदस्यहरुको टोलीले समितिको कार्यालयमै पुगेर सरकारले खानेपानी, विद्युत महसुलमा ५० प्रतिशत छुट दिएकाले उपभोक्ताहरुलाई पनि सोही अनुसारको छुट दिन समितिलाई ध्यानाकर्षण गराएको हो । 'खानेपानीको महसुल दर बढी भएको उपभोक्ताहरुको गुनासो आएको छ । अहिले केन्द्र सरकारबाट नै खानेपानीमा प्रयोग हुने विद्युत महसुलमा पँचास प्रतिशत छुट दिएको र सो छुट तानसेन खानेपानीले प्राप्त गरिरहेको छ । तानसेन खानेपानीले विद्युतमा पाएको छुट अनुसार उपभोक्ताहरुले तिर्ने महशुल दरलाई पुर्नमुल्याङ्कन गरी घटाउन जोडदार माग गर्दछौं' ध्यानाकर्षण पत्रमा भनिएको छ ।

उपभोक्ताहरुको घर-घरमा पर्याप्त खानेपानी सहज र सुलभ तरिकाले पुऱ्याउने उपभोक्ता समितिको कर्तव्य हो । यसका लागि सम्पूर्ण उपभोक्ता, पाल्पामा क्रियाशिल राजनीतिक दल,नागरिक समाज लगायतले समितिलाई पूर्ण सहयोग र सहकार्य गरिरहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ । तानसेनमा खानेपानी जम्मा गर्ने र वितरण गर्ने प्रक्रियामा समस्या रहेकाले सबैको सहकार्य र सहजिकरणको आवश्यकता रहेको उल्लेख गर्दै छिटो महसुलमा छुट दिएर उपभोक्ताहरुलाई सहज गरिदिन उनीहरुले समितिलाई आग्रह गरे । ध्यानाकर्षण पत्र बुझ्दै समितिका अध्यक्ष श्रेष्ठले राजनीतिक दलहरुले गराएको ध्यानाकर्षणले हामीलाई उर्जा थपेको र छिट्टै महसुल दरमा छुट हुने प्रतिवद्धता जनाए । उनले भने 'उपभोक्ताहरुलाई समितिले केहि न केही रकम छुट दिने गरी अगाडि बढेको छ ।' तानसेनको लिफ्ट खानेपानी पहाडी क्षेत्रका अन्य ठाउँको तुलनामा सस्तो रहे पनि खर्चिलो बढी रहेको समितिका अध्यक्ष श्रेष्ठले बताए । उपभोक्ताहरुले भने महसुल रकम महँगो भएको भन्दै गुनासो गर्दै आएका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बेपत्ता विरुद्ध दिवसको सार्थकता

**आज ३० अगस्ट अर्थात् विश्व बेपत्ता विरुद्धको दिवस नेपालसहित विश्वभर मनाइँदै छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको सम्झनामा हरेक बर्ष आजकै यो दिवस मनाउने गरिन्छ । पहिलो पटक सन् १९८१ को जूनमा ल्याटिन अमेरिकी देश कोस्टारिकामा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा यो दिवस मनाएको इतिहास छ । मनाउनुको मतलब यो कुनै उत्सव नभएर बेपत्ता बनाइएका व्यक्तिहरूको स्मरण गर्नु हो । तर बेपत्ता बनाइएकाहरूको संख्या विश्वभर कति छ भन्ने यकीन तथ्याङ्क भने छैन । तैपनि बेपत्ता पारिनेमा सर्वसाधारण नागरिक हुने भए पनि बेपत्ता पार्नेहरूमा भने मूलतः राज्य, विभिन्न उद्देश्यका विद्रोही पक्ष, आफ्ना मत र विचारमा सहमत नभएका तथा विभिन्न आपराधिक समूह लगायत हुने गर्छन् । यसरी जबर्जस्ती बेपत्ता पारिने घटना संसारभर कुनै न कुनै रूपमा भइरहेका छन् । नेपालमा पनि २०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले थालेको दशक लामो सशस्त्र संघर्षका समयमा सरकार र विद्रोहीका तर्फबाट हजारौं नागरिक जबर्जस्ती बेपत्ता पारिएका छन् ।**

**हिंसाको बाटो अख्तियार गरेको माओवादी शान्ति प्रक्रियामा आएर पटक पटक सरकारमा गए पनि सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता बनाइएकाहरूको अवस्था भने आज पनि अज्ञात नै छ । तीन दशक पुग्न लाग्दा पनि जबर्जस्ती बेपत्ता बनाइएका आफन्तको अवस्थाबारे सत्य जान्न नपाउनु जस्तो पीडा अरू के हुन सक्ला र ? तत्कालीन माओवादीले सञ्चालन गरेको सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता भएकाहरू कहाँ होलान ? यसको जवाफ न सरकारसँग छ नत बेपत्ता पारिएका व्यक्तिहरुको खोजी गर्न गठित आयोगसँग नै । उनीहरुसँग एक मात्र जवाफ छ , बेपत्ता व्यक्तिको खोजी भइरहेको छ ।**

**बेपत्ता पारिएका नागरिक खोजबिन र सत्य निरूपण तथा मेलमिलापका लागि आयोग बनाइए पनि तात्विक काम हुन सकेको छैन् । पटक–पटक गठन र विघटन गरिएका आयोगहरू सरकार र दलहरूको स्वार्थ पूरा गर्न मुखापेक्षीमा सीमित देखिए । जसले गर्दा अहिलेसम्म पनि पीडित परिवारले न्याय पाउन सकेका छैनन् । लामो समयपछि अहिले बल्ल राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट संक्रमणकालिन न्याय सम्बन्धि विधेयक पारित भएको छ । यसले केही आशा भने जगाएको छ । पीडितहरुले न्याय पाउनेमा थोरै भए पनि आश गर्न सकिन्छ । यद्यपी जबसम्म पीडितले न्याय पाउने वातावरण बन्दैन तबसम्म विश्व बेपत्ता विरुद्धको दिवस मनाउनुको कुनै अर्थ रहँदैन । तसर्थ छिटो भन्दा छिटो पीडितलाई न्याय दिलाउने दिशामा सरकार र सम्बन्धी निकायले ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

आज जुत्ता लगाउने हैसियत भयो भन्दैमा,
हिजो भुइँमा टेकिएको त्यो खाली खुट्टोलाई बिर्सनु हुदैन !
*(सोनि थापाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Soni.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बंगलादेश विद्रोहको अन्तर्य



नारायण पौडेल

सन् १९७१ को विभाजनअघि पाकिस्तानमा भएको संसदीय चुनावमा निर्णायक जित हासिल गर्दा पनि पश्चिम पाकिस्तानको संस्थापनद्वारा अपमानित शेख हसिनाका पिता शेख मुजिबुर रहमानले स्वतन्त्रताका लागि आह्वान गरेपछि एक वर्षको रक्तपातपूर्ण आन्दोलनले बंगलादेश अस्तित्वमा आयो । तर त्यसको केही समयपछि रहमान मारिए जसले सन् १९७१ मा आफ्नै नेतृत्वमा पूर्वी पाकिस्तानलाई अलग गरेर बंगलादेश बनाएका थिए । रहमानलाई बंगलादेशका जनताले मात्र होइन संसारले नै उच्च सम्मान गर्दथ्यो । विश्व राजनीतिमा उनको बेग्लै पहिचान थियो । बंगलादेशमा उनलाई लोकतन्त्रका पिताको रुपमा चिन्ने गरिन्थ्यो । तर पछिल्लो राजनीतिक घटनाक्रमले उनको सालिक धमाधम ढालिँदै छ । गत जनवरीमा शेख हसिनाको पार्टी अवामी लिगले तीन सय सिटमध्ये दुईसय २४ सिट जितेको थियो । तर उक्त निर्वाचन मुख्य विपक्षी बंगलादेश नेसनलिष्ट पार्टी (बीएनपी) ले बहिष्कार गर्यो । निर्वाचन परिणामपछि हसिनाले आफ्नो पाँचौ कार्यकाल प्रारम्भ गरिन् । यस लगत्तै उनी विरुद्ध निरंकुशताको आरोप लगाउँदै विद्यार्थीहरुले गरेको आन्दोलनमा चरम दमन भएपछि आन्दोलन भड्किएर जनविद्रोहमा परिणत भएपछि विद्रोह थेग्न नसकेर हसिना सत्ता सँगै देश छाड्न बाध्य भईन् । अकस्मात् भएको हसिनाको बहिर्गमनले बंगलादेशको राजनीतिमा के हुने हो भन्ने अन्योलता छाएको छ । सन् १९९६ मा पहिलोपटक प्रधानमन्त्री बनेकी हसिना २० बर्ष बंगलादेशको नेतृत्वमा रहँदा अहिले निरन्तर १५ बर्षदेखि प्रधानमन्त्री थिईन् ।

पछिल्लो चार कार्यकालमा हसिना लोकतन्त्रवादीबाट तानाशाहीको बाटोमा निरन्तर अघि बढेको भन्दै उनको आलोचना हुँदै आएको थियो । जनताको व्यापक जनविद्रोहलाई नजरअन्दाज गर्दै सेनाको बलमा शासन सत्ता टिकाउँदै आएकी हसिना लोकतान्त्रिक व्यवस्थामा जनताको आवाजलाई विरोधी र आतंकवादी भनेर दबाउने अराजनीतिक शैली अवलम्बन गरेकै कारण समाप्त भईन् । खासमा बंगलादेशमा हसिनाको कार्यकालमा त्यहाँको आर्थिक अवस्थामा ठूलो सुधार भएको थियो । बंगलादेशको प्रतिव्यक्ति आय तीन गुणाले वृद्धि हुनाका साथै विगत २० बर्षमा साढे दुई करोडभन्दा बढी मानिस गरिबीको रेखाबाट माथि उठेका थिए । पछिल्लो दशकमा युरोप, उत्तर अमेरिका र एसियाका बजारमा बंगलादेशले विशेषगरी कपडा आपूर्तिलाई बढवा दिएको थियो । तर आर्थिक सुधारले मात्र मुलुकको अवस्थामा परिवर्तन नहुँदो रहेछ । जब शासकले जनताको स्वास्थ्य, शिक्षा, रोजगार र आन्तरिक समस्यालाई बेवास्ता गर्छन्, तब जनताले त्यस्ता शासकलाई देशबाटै लखेट्छन् भन्ने पछिल्लो उदाहरण बंगलादेशले दिएको छ । हुन पनि हसिनासँग सिंगो देश, पर्याप्त सेना, प्रहरी र शासन प्रशासन थियो । तर लोकतान्त्रिक व्यवस्थामा भोट र अंकगणितको राजनीति अलग बिषय हो भने क्रान्ति, विद्रोह वा आन्दोलन फरक पाटो हुने रहेछ । जब क्रान्ति वा आन्दोलनको आँधीबेहरी आउँछ, त्यसपछि कसैले वा कुनै शक्तिले छेकेर जनविद्रोह रोकिँदैन भने लोकतन्त्रमा चुनाव गर्नु, जित्नु र हार्नु मात्रैले पनि मुलुकमा विद्यमान समस्याहरुको समाधान नहुँदो रहेछ । किनकी लोकतन्त्रमा मुलुकको विविधता र ग्रामीण नागरिकको जीवनलाई राज्यसँग जोड्न सकिएन भने विद्रोह हुन्छ, जसले व्यवस्था माथि नै प्रहार गर्दछ । बंगलादेशमा विद्यार्थीले शुरु गरेको आन्दोलन राजनीतिक उद्देश्यले प्रेरित थिएन । विद्यार्थीले व्यवस्था विरोधी नारा भन्दा पनि संविधानमा व्यवस्था गरिएको आरक्षण हटाउनु पर्ने माग राख्दै आन्दोलन गरेका थिए । सरकारी जागिरमा कोटा प्रणाली हटाएर योग्यता र क्षमतामा आधारित प्रणाली लागू हुनुपर्दछ भन्ने माग नाजायज पनि थिएन । तर सत्ताले उन्माद हसिनाले यो सामान्य मागलाई सम्बोधन गर्नुको सट्टा दमन गर्ने रणनीति अख्तियार गरेपछि विद्यार्थीको आन्दोलन जनविद्रोहमा परिणत भएर प्रधानमन्त्री पद मात्रै नभई देश नै छाड्नुपर्यो । फलस्वरुप यो घटनाले दक्षिण एसियाको राजनीतिमा जनता नै निर्णायक शक्ति हुन् भन्ने तथ्य स्थापित गर्यो । एसियामा नयाँ राष्ट्रको रुपमा बंगलादेशको उदय भएपछि सन् १९७२ मा मुक्तिसेना लाई सरकारी जागिरमा ३० प्रतिशत आरक्षण हुने व्यवस्था गरिएकोमा यो आरक्षण उनीहरुका सन्तान समेतले पाउँदै आएका थिए । निजामती सेवामा विद्यमान यही कोटा खारेज हुनुपर्ने माग सहित आन्दोलनको शुरुवात भएको थियो । विद्यार्थी आन्दोलन चर्किंदै गएपछि बंगलादेशको सर्वोच्च अदालतले सरकारी आरक्षण सम्बन्धी परेको रिटमा सुनुवाई गर्दै ९३ प्रतिशत भर्ना योग्यताको आधारमा हुने, बाँकी सात प्रतिशतमध्ये ५ प्रतिशत मुक्तिसेना, एक प्रतिशत जनजाति र एक प्रतिशत अशक्त वा लैंगिक वा यौनिक अल्पसंख्यकलाई हुने भनी आदेश दिएको थियो । तर सम्मानित अदालतले दिएको आदेश मान्न समेत हसिना सरकार तयार भएन । अर्कोतर्फ विगत तीनबर्षको अन्तरालमा अफगानिस्तान तथा श्रीलंकाका राष्ट्रपति र बंगलादेशकी प्रधानमन्त्री समेतले देश छाड्न बाध्य भएपछि दक्षिण एसियाली शक्ति राष्ट्र भारतको 'छिमेक पहिलो नीति' माथि ठूलो धक्का लागेको छ । किनकी चीनको उपस्थिति न्यूनीकरण, रोहिंग्या शरणार्थीको व्यवस्थापन, हिन्दू तथा अल्पसंख्यकको सुरक्षा, मुस्लिम उग्रवादीमाथिको नियन्त्रण लगायतका बिषयले बंगलादेशमा भारतको भूराजनीतिक तथा रणनीतिक स्वार्थ गहिरोसँग जोडिएको थियो । त्यसमाथि बंगलादेशमा चीन सहित अमेरिकी रणनीतिक स्वार्थ समेत घनीभूत रुपले जोडिएको अवस्थामा हसिनाले भारत र चीनलाई रणनीतिक सन्तुलनमा राखेकी थिईन् । तर उनको सत्ता बहिर्गमनपछि भारतले दक्षिण एसियाको एउटा महत्वपूर्ण रणनीतिक साझेदार गुमायो । भारत स्वतन्त्र भएदेखि भुटान बाहेक दक्षिण एसियाका सबै देश राजनीतिक रुपमा अस्थिर हुनु र भारत स्थिर तथा सुदृढ भईरहनुमा सबैको चासो देखिन्छ । तर यसको महत्वपूर्ण रहस्य भनेको भारतको निर्वाचन तथा सरकार परिवर्तनको खेलमा बाह्य हस्तक्षेप शून्यप्राय: हुनु नै हो । किनकि भारतमा आवधिक निर्वाचन मार्फत सरकार परिवर्तन हुन्छ भने भारतीय सेनाले राजनीतिमा कुनैपनि चासो देखाउँदैन । तर दक्षिण एसियाका अन्य मुलुकहरुमा हुने व्यवस्था र सरकार परिवर्तन तथा आन्तरिक मामिलामा भारत तथा भारतीय सेनाको प्रत्यक्ष हस्तक्षेप हुनुका साथै बाह्य शक्ति समेतको प्रभाव सदैव परिरहन्छ । यसले गर्दा दक्षिण एसियाली मुलुकहरुमा सँधै अस्थिरता भइरहेको हो । बंगलादेशको पछिल्लो घटनाक्रममा भारत विफल भएकै कारण आगामी दिनमा पुन: त्यहाँ भारतीय हस्तक्षेपकै कारण अस्थिरता भइरहने हो कि भन्ने चिन्ता बढ्नु अस्वभाविक भएन । यसर्थ हसिना युगको अन्त्यसँगै अब बंगलादेशले पहिलाजस्तै राजनीतिक अस्थिरतामा डुबुल्की खेलिरहन्छ कि निर्वाचनमार्फत स्थिरताको बाटोमा अगाडि बढ्छ, अहिले भन्न सकिँदैन । अर्कोतर्फ बंगलादेशको राजनीतिमा त्यहाँको सेना प्रत्यक्ष मुछिने गरेको लामो इतिहास छ । हुनत अब बंगलादेशमा सैनिक शासन लाद्न त्यति सम्भव नहोला । किनकि आन्दोलनकारीमाथि अधिकतम शक्ति प्रयोग गरी मृत्यु, घाइते वा बेपत्ता भएमा सैनिक अधिकारीमाथि लाग्ने मानव अधिकार उल्लंघनको आरोपलाई सरकारले माफी दिन सक्ने अवस्था छैन । त्यसैले सत्ता आफ्नो हातमा लिन सेना तयार नहोला भन्ने अनुमान गर्न सकिन्छ । स्वतन्त्रता भयानक हुन्छ र हिंसा बिना यो बिरलै मात्र अस्तित्वमा आउँछ । बंगलादेशले हसिनाको २० वर्षे निरंकुश शासनबाट उन्मुक्ति पाएको र बंगलादेशी जनताले दोस्रोपटक स्वतन्त्रता प्राप्त गरेको चर्चा गरिँदैछ । हुनत बंगलादेशमा विद्यार्थी आन्दोलनको इतिहास गौरवमय छ । सन् १९५२ मा बंगलादेश नै बनेको थिएन, त्यतिबेला पाकिस्तान सरकारले 'एक देश, एक भाषा' भन्दै उर्दु भाषालाई सरकारी कामकाजको भाषा बनाएपछि यसविरुद्ध पूर्वी पाकिस्तानका विद्यार्थी आन्दोलनमा उत्रेपछि तत्कालीन पाकिस्तान सरकार घुँडा टेक्न बाध्य भई पूर्वी पाकिस्तानमा बंगाली भाषाले सरकारी भाषाको मान्यता प्राप्त गरेको थियो । अहिले शेख हसिनाका कटु आलोचक अर्थशास्त्री तथा विश्व नोबेल पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुस बंगलादेशको अन्तरिम सरकार प्रमुखमा नियुक्त भएका छन् । उनी गरिबका बैंकर भनेर चिनिन्छन् । किनकी उनले ग्रामीण विकास बैंकको माध्यमबाट बंगलादेशका लाखौं मानिसलाई गरिबीको रेखाबाट माथि उठाएका रहेछन् । उता हसिनाको कट्टर विरोधी भएकै कारण नजरबन्दमा रहेकी बंगलादेशकी प्रथम महिला प्रधानमन्त्री बेगम खालिदा जिया हसिनाको सत्ता ढलेसँगै रिहा भएकी छन् । उनलाई नजरबन्दमा राखिनुले पनि बंगलादेशी जनताको आक्रोश बढाएको थियो । अबको राजनीतिमा बेगमको पनि महत्वपूर्ण भूमिका हुनसक्छ । अन्तरिम सरकार प्रमुख युनुसका अगाडि धेरै चुनौतीहरु छन् । तर उनी माथि बंगलादेशका करिब सबै पक्षको समर्थन भएकाले मुलुकलाई सही बाटोमा ल्याएर यथाशक्य छिटो निर्वाचन गराई जननिर्वाचित सरकार गठनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने अपेक्षा राखिएको छ । उनी राजनीतिज्ञले आफूलाई समय सापेक्ष गतिशील बनाउँदै जानुपर्ने र जनभावनाको सदैव कदर गर्नुपर्ने तथ्यको पक्षपाती हुन् । उनी कुनै पनि चाहनाको सन्दर्भमा त्यो विद्यार्थीबाट आएको माग होस् वा राजनीतिक दल तथा नागरिक समाजबाट आएको माग नै किन नहोस्, यदि माग जायज छन् भने त्यसलाई समयमै सम्बोधन गरिनुपर्दछ भन्नेमा सचेत छन् । त्यस्तै भूगोलका आधारमा देश सानो ठूलो हुनसक्छ, तर सबै स्वतन्त्र देशको सार्वभौमसत्ता समान हुन्छ । त्यसैले असंलग्न परराष्ट्र नीतिका पक्षधर राष्ट्रहरु जहिलेपनि पञ्चशीलमा आधारित शान्तिपूर्ण सहअस्तित्व, आन्तरिक मामिलामा अहस्तक्षेप, क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको सम्मान, अनाक्रमण, समानता र पारस्परिक लाभको विषयमा युनुस संवेदनशील रहेको बताइन्छ । वास्तवमा दक्षिण एसिया संसारको सबैभन्दा बढी गरिबी र बेरोजगारी भएको क्षेत्र हो । यहाँ विद्यमान जातीय, क्षेत्रीय र धार्मिक विविधताको कारण विभिन्न राजनीतिक घटनाहरु भईरहेका हुन्छन् । यस क्षेत्रको सामाजिक, आर्थिक र राजनीतिक संरचना समेत एउटै किसिमको छ । त्यसैले दक्षिण एसियालाई विश्वकै जातीय, क्षेत्रीय र धार्मिक उथलपुथल हुने क्षेत्रका रुपमा लिइन्छ । यी मुलुकमा जुन समस्या, चरित्र र प्रवृत्तिगत घटना विकसित भईरहेको छ त्यो नेपाली मौलिकतासँग पनि मेल खान्छ । यी मुलुकमा अस्थिरताको मूल कारण यहाँको सामन्ती तथा रुढिवादी सामाजिक, आर्थिक र राजनीतिक संरचना हो । यसमा परिवर्तन ल्याउन अग्रगामी वैकल्पिक शक्ति चाहिने भएकाले एउटै व्यक्ति र पार्टी लामो समयसम्म सत्तामा बसिरहने कुरा यस क्षेत्रका जनताले त्यति रुचाउँदैनन् । त्यसैले जुनसुकै राजनीतिज्ञ, दल वा सत्ता जनताले खोजेको सकारात्मक परिवर्तनमा जहिलेपनि सारथीको रुपमा उभिनुपर्दछ, नभए जुनसुकै बेला पनि विद्रोह हुनसक्छ भन्ने सन्देश बंगलादेशको घटनाले दिएको छ । ***-हाम्रा कुरा डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेट्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । झुटा आरोप आइपर्ला ।

**वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्।

**कर्कट** : प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ ।

**सिंह** : मेहनतीहरूका लागि बढी फलदायी नै रहने र लाभदायक यात्रा रहनेछ ।

**कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ।

**वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु ।

**मकर** : धर्मकर्ममा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।

**कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला।

**मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ।

## स्वास्थ्य चर्चा

# धेरै निद्रा लागिरहेछ भिटामिनको कमीले त होइन ?



केही मान्छेलाई निद्रै लाग्ने समस्या हुन्छ भने चाहिनेभन्दा बढी नै निदाउँछन् । अनिद्राका कारण हाम्रो शरीरमा क्यौं रोग लाग्न सक्छ । तर अत्यधिक निद्रा पनि चिन्ताको विषय हो । हाम्रा वरिपरि केही यस्ता मानिस पनि हुन्छन् जसलाई प्राय: निद्रा लागिरहन्छ ।

दिनभरि पनि थकित वा निन्द्रा लागेको महसुस गरिरहन्छन् । कहिलेकाहीँ त बिहान उठ्नै निकै गाह्रो हुन थाल्छ । तपाईंलाई पनि सामान्य भन्दा बढी निद्रा लागेको महसुस भइरहेको छ कि ? यो शरीरमा भिटामिनको कमी भएको सङ्केत हुनसक्छ । भिटामिन हाम्रो शरीरको सामान्य कार्यहरूका लागि धेरै महत्त्वपूर्ण छ । यीमध्ये केही भिटामिन यस्ता हुन्छन्, जसको कमीले शरीरको ऊर्जा कम भएर जतिबेला पनि थाकेको महसुस हुने र अत्यधिक निद्रा लाग्ने गर्छ ।

**यी भिटामिनको कमीले लाग्ने गर्छ निद्रा**

**भिटामिन डी :** भिटामिन डी को कमीले प्राय: थकान, कमजोरी र अत्यधिक निद्राको समस्या निम्त्याउन सक्छ । यो भिटामिन हाम्रो शरीरमा क्याल्सियमको अवशोषणका लागि आवश्यक हुन्छ, जसले हड्डीलाई बलियो राख्छ । जब शरीरमा भिटामिन डीको कमी हुन्छ, यसले हाम्रो ऊर्जा स्तरलाई प्रत्यक्ष असर गर्छ, जसले थकान र निद्रा बढाउँछ ।

**भिटामिन बी १२ :** भिटामिन बी १२ को कमीले शरीरमा कमजोरी र निद्राको समस्या निम्त्याउन सक्छ । यो भिटामिन हाम्रो शरीरको स्नायु प्रणालीका लागि धेरै महत्त्वपूर्ण छ । यसले रातो रक्त कोशिकाहरूको उत्पादनमा मद्दत गर्दछ । जब शरीरमा भिटामिन बी १२ को कमी हुन्छ, अक्सिजनको आपूर्ति कम हुन थाल्छ र थकान र अत्यधिक निद्रा जस्ता समस्या निम्तिन सक्छ ।

**भिटामिन सी :** भिटामिन सीको कमीले शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुनसक्छ । जसले गर्दा व्यक्तिलाई सामान्य भन्दा बढी थकान र निद्रा लाग्न सक्छ । भिटामिन सीले शरीरलाई ऊर्जा प्रदान गर्न सघाउँछ । यसको अभावमा मानिसलाई दिनभर सुस्त महसुस हुन सक्छ ।

**धेरै निद्रा लागिरह्यो भने के गर्ने ?**

घामको किरणमा बस्ने- भिटामिन डीको कमीलाई हटाउन हरेक दिन केही समय घाममा बस्नुस् । भिटामिन बी १२ डाइट भिटामिन बी १२ को लागि मासु, माछा, **अण्डा र दूधजन्य उत्पादनहरूको उपभोग गर्नुस् ।** **ताजा फलफूल :** भिटामिन सीको लागि ताजा फलफूल र तरकारी खानुस् । **सप्लिमेन्टहरूको सेवन :** आहारबाट भिटामिनको आपूर्ति भइरहेको छैन भने चिकित्सकको सल्लाह अनुसार सप्लिमेन्टको सेवन पनि गर्न सकिन्छ । यी सबै गर्दा पनि लगातार थकान र निद्राको समस्याको सामना गर्दै हुनुहुन्छ भने यसलाई बेवास्ता गर्नुहुन्न । भिटामिनको कमीलाई सही समयमा पहिचान गरी उपचार गर्न सकिन्छ । तुरुन्तै डाक्टरसँग परामर्श लिनुस् ।

*-रातोपाटी डटकम*

# मनतातो पानीमा मह पिउँदा हुन्छ यी फाइदाहरु



बिहान उठ्ने बित्तिकै एक गिलास मनतातो पानीमा मह मिसाएर पिउने हो भने यसले धेरै स्वास्थ्य लाभ गर्छ । यसलाई आफ्नो दिनचर्याको हिस्सा बनाउनुहोस् किनभने मह पानीले तौल नियन्त्रण गर्न पनि मद्दत गर्छ । मह छालाका लागि फाइदाजनक हुन्छ । यसले शरीरलाई हाइड्रेटेड राख्छ । विशेषगरी रुघाखोकीमा महको पानी निकै प्रभावकारी हुन्छ । तातो पानीमा मह मिसाएर पिउनाले शरीरलाई ताजा राख्छ र ऊर्जा प्रदान गर्छ। खाली पेटमा महको पानी पिउनाले शरीरमा जम्मा भएको विषाक्त पदार्थलाई बाहिर निकाल्छ र पाचन क्रियामा सुधार गर्छ। जान्नुहोस तातो पानीमा मह मिसाएर

**तातो पानीमा मह मिसाएर पिउनुका फाइदाहरु :**

**तौल घटाउन मद्दत गर्छ :** यदि तपाइँ हरेक बिहान खाली पेटमा मनतातो पानीमा मह पिउनुहुन्छ भने यसले तपाइँको तौल घटाउने प्रक्रियालाई गति दिन्छ । खासगरी जब तपाईं यसमा कागती मिसाउनुहुन्छ, यो पानी शरीरको लागि डिटोक्सिफाइ ! हुन्छ । महले मेटाबोलिजम बढाउन मद्दत गर्छ । छिटो पाचनक्रियाको कारण, वजन कम गर्न धेरै सजिलो हुन्छ । यसो गर्दा तपाई बिहान एकदमै ताजा महसुस गर्नुहुनेछ ।

**पाचन प्रक्रियामा सुधार :** हरेक बिहान तातो पानी र मह पिउनाले पाचन प्रणालीलाई पनि स्वस्थ राख्छ । यो पानीले पेट खराब हुनबाट रोक्छ, जसले खाना पचाउन सजिलो बनाउँछ । खाना खानुअघि पानीमा मह मिसाएर पिउनुभयो भने खाना सजिलै पचिन्छ र धेरै खानबाट बच्न सकिन्छ ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउँछ :** मह हाम्रो स्वास्थ्यको लागि राम्रो मानिन्छ। महमा धेरै प्रकारका एन्टिअक्सिडेन्ट र एन्टी-इन्फ्लेमेटरी गुणहरू पाइन्छ, त्यसैले यसले शरीरलाई स्वस्थ बनाउन र रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ। महले शरीरलाई बाह्य कारकहरूसँग लड्न मद्दत गर्दछ जसले गर्दा तपाईं मौसमी रोगहरू र संक्रमणहरूबाट बच्न सक्नुहुन्छ । महमा एन्टी-माइक्रोबियल गुणहरू पाइन्छ र धेरै भिटामिन र खनिजहरूको राम्रो स्रोत हो ।

**शरीरलाई डिटोक्स गर्छ :** महले तपाईको शरीरमा जम्मा भएका विषाक्त पदार्थहरूलाई बाहिर निकाल्न मद्दत गर्छ । महमा एन्टिअक्सिडेन्ट पाइन्छ जसले पाचन प्रणालीमा मद्दत गर्छ र मृगौलाको स्वास्थ्यमा सुधार गर्छ । प्यान्क्रियाजको कार्यमा मद्दत गर्छ । जसका कारण तपाईको समग्र स्वास्थ्य राम्रो रहन्छ ।

**छालालाई चम्किलो बनाउँछ :** मह र मनतातो पानी पिउनाले छाला सफा हुन्छ र भित्रबाटै चम्किलो बनाउँछ। यी दुवै कुराले अनुहार निखार्न मद्दत गर्छ । यसले पिम्पल र एक्नेको समस्या कम गर्छ । महको प्रयोग सौन्दर्य उत्पादनमा पनि गरिन्छ ।*-डिसी नेपाल डटकम*

# चार किसिमका अभिभावक, तपाईं कुन श्रेणीको ?



एउटा प्रचलित कथा यस्तो छ । एक व्यक्तिलाई चोरीको आरोपमा कठोर सजाय दिइने भयो । यो खबर सुनेर उनकी आमा रुँदै छोरो भेट्न आइन् । छोरोले गम्भीर हुँदै भने, 'आमा म तपाईंसँग केही भन्न चाहन्छु ।' जसै आमा नजिक पुगिन्, छोरोले उनको कान टोकिदिए । आमा स्तब्ध भइन् । छोराले किन यस्तो गरे ? उनले भेउ पाइनन् । तब छोरोले बिलौना गर्दै भने, 'हिजो मैले सियो चोरेर ल्याउँदा तपाईंले खुसीसाथ लुकाउनुभयो । मलाई यो खराब काम होइन भन्ने लाग्यो र मैले अरु पनि चोरी गर्न थालें । त्यसबेला तपाईंले यो गलत हो भनिदिएको भए आज मेरो हालत यस्तो हुँदैनथ्यो । त्यसैले आज म जुन दण्ड भोग्दैछु, त्यसको भागीदार तपाई पनि हो ।'

**एउटा सत्य कथा यस्तो छ ।** शृंखलाबद्ध हत्या र ठगीमा कुख्यात नाम हो, चार्ल्स शोभराज । उनले जीवनमा २० जना निर्दोषको क्रूरतापूर्वक हत्या गरे । तर कहिल्यै त्यसमा पछुतो गरेनन् । बरु आफ्नो कृत्यलाई ढाकछोप गर्दै एकपछि अर्को अपराधको तानाबाना बुनिरहे ।

**शोभराज किन यति क्रूर र कठोर भए ?**

यसको पछाडि उनको बाल्यकालको दूरावस्थालाई जोडेर हेर्ने गरिन्छ । उनी जुन आमाबुवाबाट जन्मिए, उनीहरुबीच विवाह भएको थिएन । त्यसैले चार्ल्सका बुवाले आमालाई कहिल्यै श्रीमतीको रुपमा स्वीकार गरेनन् । अन्तत: उनकी आमाले दोस्रो विवाह गरे । त्यहाँ पनि उनकी आमाले सधैं अपमान र अत्याचार खेप्नुपर्‍यो । यसले चार्ल्सको कलिलो मस्तिष्कमा नराम्ररी आघात पुग्यो । उनी सधैं चिन्ता र बेचैनीमा दिन गुजार्न बाध्य भए । यसले उनमा एक किसिमको मनोविकार पैदा गर्‍यो । नतिजा, किशोरावस्थामा पुग्दा नपुग्दै ऊ अपराधको संसारमा हेलिए । यी दुई फरक दृष्टान्तको मियो भने एउटै छ, अभिभावकत्व । बालबालिकाले सही मार्गदर्शन र संस्कार नपाउँदा त्यसको नतिजा कति भयानक हुनसक्छ ? तपाई-हामीले देखेका छौं । सुनेका छौं । कतिले भोगेका छौं । त्यसो भए आमाबुवाले नै आफ्ना छोराछोरीलाई खराब बनाउँछन् ? सुन्दा एकदमै तीतो लागेपनि यसको जवाफ 'हो' भन्ने आउँछ । तर यससँगै अर्को सत्य पनि भुल्नु हुँदैन । त्यो के हो भने दुनियाँमा यस्ता कुनै बुवाआमा हुँदैनन्, जसले आफ्नो छोराछोरी 'खराब' होस् भन्ने चाहन्छन् । आमाबुवा नै त्यस्ता व्यक्ति हुन्, जसले छोराछोरीलाई आफूभन्दा ठूलो, असल र राम्रो भएको देख्न चाहन्छन् । त्यसो भए कसरी सबै छोराछोरी आमाबुवाको सदीक्षा अनुरुप 'असल' हुँदैनन् ? यसमा हाम्रो अभिभावकत्व सबैभन्दा बढी जिम्मेवार हुन्छ । कुनै पनि बालबालिका गर्भमा दोष लिएर जन्मिंदैनन् । तर जन्मिसकेपछि उनीहरुले कस्तो स्याहारसुसार पाउँछन् ? कस्तो संस्कार पाउँछन् ? कस्तो मार्गदर्शन पाउँछन् ? कस्तो संगत पाउँछन् ? त्यही अनुरुप उनीहरुको मनोविज्ञान विकास हुनपुग्छ । उनीहरुले देख्ने, सुन्ने, भोग्ने कुराले नै उनीहरुको सोच्ने र काम गर्ने शैली तय गरिदिन्छ । उनीहरुले के सोच्छन् ? कसरी सोच्छन् ? के गर्छन् ? भन्ने कुराको जग उनीहरु कसरी हुर्किएका थिए भन्ने कुरामा निर्भर रहन्छ । यसर्थ कुनै पनि बालबालिका असल वा खराब हुनुको मुलभूत कारण हो, अभिभावकत्व । बालबालिकाको कोणबाट हेर्दा अभिभावकहरु कस्ता हुन्छन् ? उनीहरुको प्रवृत्ति र तौरतरिका कस्ता हुन्छन् ? यी प्रश्नहरुको खोजमा लामो समय बिताएकी थिइन्, डायना ब्लमबर्ग बाउमरिन्डले । अमेरिकी क्लिनिक र विकासात्मक मनोवैज्ञानिक डायनाले वर्षौंअघि जुन खोज गरेर त्यसको निचोड निकालिन्, त्यो आजसम्म उत्तिकै सान्दर्भिक देखिन्छ । उनको निष्कर्ष थियो, अभिभावक चार किसिमको हुन्छन् । एक, अधिनायकवादी अभिभावक । दुई, उदार अभिभावक । तीन, बेपर्वाह अभिभावक । चार, आधिकारिक अभिभावक । यी चार किसिमका अभिभावकको मूल स्वभाव कस्तो हो ? उनीहरुले कसरी आफ्ना बालबालिका हुर्काउँछन् ? त्यसरी

**हुर्काएका बालकालिकामा कस्तो आनीबानी विकास हुन्छ ?**

**अधिनायक अभिभावक :** यस श्रेणीका आमाबुवाले बालबालिकालाई कडा अनुशासनमा राख्ने गर्छन् । उनीहरुको निर्देशन र निगरानीमा बालबालिका हुर्किन्छन् । उनीहरुले जे भन्छन्, बालबालिकाले त्यही गर्नुपर्छ । बालबालिकाले पढ्ने, खेल्ने, सुत्ने, बस्ने, हिंड्नेदेखि लगाउने, खाने कुरामा पनि उनीहरु आफ्नो मर्जीअनुसार गराउन चाहन्छन् । बालबालिकाले आृनो निर्देशन उल्लंघन गरेमा गाली गर्ने, कुटपिट गर्ने हुन्छन् । त्यस्तै कति गल्तीमा सजिलै माफी दिंदैनन् । उनीहरु आफ्ना छोराछोरीको कुरा सुन्दैनन् । तर आफ्नो कुरा एकतर्फी रुपमा सुनाइरहन्छन् । बालबालिकाबाट धेरै अपेक्षा गर्छन् । आफूले पूरा गर्न नसकेको काम वा इच्छा छोराछोरीबाट पूरा गराउन खोज्छन् ।

**यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?**

यसरी हुर्किएका बालबालिका कम आत्मनिर्भर हुन्छन् । उनीहरुमा डराउने र आत्तिने स्वभाव विकास हुन्छ । आत्मग्लानिले गर्दा खुलेर आफूलाई व्यक्त गर्न सक्दैनन् । आफ्नो रुचि, इच्छाहरु पहिल्याउन असमर्थ हुन्छन् । साथीभाइसँग घुलमिल हुने, नेतृत्व गर्ने कुरामा पछाडि पर्छन् । उनीहरुमा रचनात्मक क्षमता कम हुन्छ । उनीहरु पछि गएर कतिपय कुरा अवज्ञा गर्ने, असामाजिक हुने । एकोहोरो र एकलकाँटे हुने जोखिम हुन्छ ।

**उदार अभिभावक :** यस श्रेणीका अभिभावक आफ्ना बालबालिकाको मर्जीलाई सर्वोपरी ठान्छन् । बालबालिकालाई 'तिमी नै सर्वेसर्वा हौ' भन्ने आशयले व्यवहार गर्छन् । मायालु र नरम हुन्छन् । कहिलै गाली गर्दैनन् । बालबालिकाको हरेक आवश्यकता पूरा गरिदिने प्रयत्न गर्छन् । बालबालिकाले गरेको कुनै पनि गल्तीलाई गल्ती मान्दैनन् । वा त्यसलाई सामन्य मान्छन् र छुट दिन्छन् । आफ्नो अपेक्षा वा बाध्यता बालबालिकालाई सुनाउँदैनन् । दु:ख वा अभाव सहेर पनि बालबालिकालाई सुखी र खुसी राख्न चाहन्छन् । बालबालिकाको प्रगति वा नतिजाको बारेमा कहिल्यै टिप्पणी गर्दैनन् ।

**यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?**

यसरी हुर्केका बालबालिका माया र प्रेमले पुलपुलिका हुन्छन् । उनीहरुले आमाबुवालाई आफ्नो नियन्त्रणमा राख्न खोज्छन् । आफ्नो गल्ती वा कमजोरी पहिल्याउन सक्दैनन् । त्यही कारण गल्ती दोहोर्‍याइरहन्छन् । उनीहरु कुनै पनि जिम्मेवारी वा दायित्व लिन तयार हुँदैनन् । नियम पालना गर्दैनन् । अरुको कुरा सुन्ने क्षमता कम हुन्छ र धेरै प्रतिक्रिया दिने खालका हुन्छन् । उनीहरुलाई शान्त र धैर्य रहन गाह्रो हुन्छ । प्राय: गुनासो गरिरहन्छन् । अपरिपक्व र परनिर्भर हुन्छन् ।

**बेपरवाह अभिभावक :** यस श्रेणीका अभिभावकलाई आफ्नो बालबालिकाप्रति उति धेरै चासो र चिन्ता हुँदैन । उनीहरुले बालबालिकाको काम-व्यवहारमा त्यति प्रतिक्रिया दिंदैनन् । न त समर्थन नै जनाउँछन् । बालबालिकाले के गरिरहेका छन् ? पढाइ कस्तो छ ? नतिजा के आयो ? कहाँ घुम्न जान्छ ? कस्तो संगत छ ? कुनै सरोकार राख्दैनन् । बालबालिकालाई खुला र स्वतन्त्र छाडिदिन्छन् । उनीहरुले आफ्ना बालबालिकाको कुरा सुन्दैनन् न आफ्नो कुरा नै सुनाउँछन् । घुमाउने, खेलाउने वा अर्ती-बुद्धि दिने काम पनि गर्दैनन् । यस्ता अभिभावक आफ्नो समस्या र आवश्यकतामा केन्द्रित हुन्छन् ।

**यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?**

हेरचाहको कमीले गर्दा उनीहरुको सामाजिक विकास कमजोर हुन्छ । अभिभावकप्रति विश्वास र भरोसा गर्दैनन् । कुनै पनि कुरा आफ्नै अनुभव वा भोगाइबाट मात्र सिक्ने भएकाले व्यावहारिक परिपक्वता आउन समय लाग्छ । के ठीक वा के गलत भनी उनीहरु गम्भीरतापूर्वक सोच्दैनन् । आफ्नो रुचिअनुसार जे मन लाग्छ, त्यही निर्णय लिन्छन् । अरुलाई त्यति वास्ता गर्दैनन् र निर्देशन पनि मान्दैनन् । यस्ता बालबालिका आफ्नो लक्ष्य पहिल्याउन असमर्थ हुन्छन् । उनीहरुको जीवन धेरैजसो अलमलमा बित्छ ।

**आधिकारिक अभिभावक :** यस श्रेणीका अभिभावकले आफ्ना बालबालिकालाई स्वतन्त्रता दिन्छन् तर निश्चित सीमामा राख्छन् पनि । व्यावहारिक रुपमा अनुशासित र भित्री रुपमा दयालु हुन्छन् । बालबालिका के चाहन्छन् भन्दा पनि के आवश्यकता छ भन्ने कुरालाई ध्यान दिन्छन् । बालबालिकाको आवश्यकता पूरा गरिदिन्छन् र नचाहिने कुरामा कडाइका साथ नियन्त्रण गर्छन् । यी अभिभावक बालबालिकाको कुरा सुन्छन् र आफ्नो कुरा पनि साझेदार गर्छन् । बालबालिकासँग समय दिन्छन् । उनीहरुको भावना र रुचिलाई प्राथमिकतामा राख्छन् । छोराछोरीप्रति गर्नुपर्ने कर्तव्य पूरा गर्छन् । उनीहरुको प्रगति वा उन्नतिमा चासो राख्छन् र हौसला दिन्छन् । छोराछोरीको मूल्यांकन वा तुलना भने गर्दैनन् । बालबालिकाको रुचि, क्षमतालाई चिन्ने प्रयास गर्छन् र त्यही अनुरुप हुर्कनका लागि अनुकूल वातावरण तयार गरिदिन्छन् ।

*-अनलाइन खबर डटकम*

# पाल्पामा लागु औषधसहित एक जना पक्राउ




**पाल्पा,** भदौ १३/जिल्लामा लागु औषधसहित एक जना पक्राउ परेका छन् । प्रहरीले जिल्लाको बगनासकाली गाउँपालिका -५ राम्दीस्थित सिद्दार्थ राजमार्गबाट लागु औषधुसहित एक जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा म्याग्दीको धौलागीरी गाउँपालिका -६ का ३० वर्षीय रेशम जुग्जाली रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । भैरहवाबाट म्याग्दीको बेनीतर्फ जादै गरेको लु १ ख ८९५० नम्बरको बसलाई प्रहरी चौकी राम्दिबाट खटिएको प्रहरी टोलीले रोकी चेकजाँच गर्ने क्रममा बसमा सवार जुग्जाली माथि शंका लागेर चेक गर्दा उनको साथमा लागु औषध फेला परेको हो । जुग्जालीको साथबाट लागु औषध डाइजेपाम ६५ एम्पुल, नुफिन ६६ एम्पुल, फेनारगन ६५ एम्पुल, सिरिंज ५ थान र सोमा प्रयोग हुने निडिल ३ थान फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले बताए । लागु औषधसहित उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य अगाडि बढाइएको श्रेष्ठले जानकारी दिए ।

भारतसँगको खुला सिमाना र भैरहवा- सुनवलबाट नजिक भएकाले पनि लागूऔषध माफियाले पाल्पाको सडक प्रयोग गर्ने गरेका छन् । खुला सीमाका कारण लागूऔषध ओसार पसार नियन्त्रण गर्न सुरक्षा निकायलाई हम्मे हम्मे पर्छ । पाल्पाको सडक प्रयोग गरेर माफियाले लागू औषध ठूला शहरमा पुऱ्याउने गरेको पाइन्छ । ट्रक, बसमा लुकाएर लागूऔषध भित्रिने गरेको प्रहरी बताउँछन् । प्रत्येक व्यक्तिलाई चेकजाँच गर्न सम्भव नभएकाले लागू औषध भित्रिने क्रम नरोकिएको प्रहरीको भनाई छ ।

# आज विश्व बेपत्ता विरुद्धको दिवस मनाइँदै




**पाल्पा,** भदौं १३/आज विश्व बेपत्ता दिवस मनाइदैं छ । ३० अगस्ट अर्थात् बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्झनामा हरेक बर्षको अगस्त ३० तारिखमा विश्वभर संयूक्त राष्ट्रसंघ र एम्नेस्टी इन्टरनेशनलले आफ्नो सक्रिय भूमिका जनाउँदै बेपत्ता व्यक्तिहरुको सम्झनामा दिवस मनाउँदछन् । दिवस मनाउने क्रमको सुरुआत सन् १९८१ मा ल्याटिन अमेरिकी राष्ट्र कोस्टारिकाबाट भएको हो । दिवसका अवसरमा मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुले बेपत्ता विरुद्धको जनचेतना जगाउने तथा बेपत्ताका परिवारसँगको एक्येबद्धता गर्दै मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय रुपमा कार्यरत मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल, संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तको कार्यालय, रेडक्रस अन्तर्राष्ट्रिय समिति जस्ता संस्थाले यसबारे विश्वव्यापी रुपमा अभियान गरेर सरकार र विद्रोहीलाई दबाब दिइरहेका छन् ।

नेपालमा विगतमा भएको दशवर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएको थियो । सशस्त्र द्वन्द्वपछि शान्ति सम्झौता भएको लामो समय बितिसक्दा पनि राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका मानिस अझै सम्पर्कमा आएका छैनन् ।

बेपत्ता पारिएका व्यक्तिका आफन्त अझै पनि आफ्ना मान्छेहरु आउने आशामा पर्खिरहेका छन् तर यतिका वर्ष बिति सक्दा पनि नआउँदा पीडा थप बढेको छ । लामो संघर्षपछि राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट संक्रमणकालिन न्याय सम्बन्धि विधेयक पारित भए पनि त्यसले सत्यतथ्य पत्ता लगाउनेमा पीडितहरु आशावादी भए पनि दोषीलाई कारवाही हुन्छ कि हुँदैन भन्नेमा शङ्का गरेका छन् । नेपालमा विगतमा भएको दशवर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएको थियो ।

## खेलकुद समाचार

### नेपाली खेलाडीको टी-२० ब्याटिङ वरीयता खस्कियो



**काठमाडौँ,** भदौ १३/नेपाली खेलाडीको आईसीसी टी-२० अन्तर्राष्ट्रिय क्रिकेटको ब्याटिङ वरीयता खस्किएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले सार्वजनिक गरेको पछिल्लो ब्याटिङ वरीयतामा नेपालका कप्तान रोहित पौडेल एक स्थान तल झर्दै ६१औं स्थानमा पुगेका छन् । यस्तै दीपेन्द्रसिंह ऐरी दुई स्थान तल झर्दै ४६औं, आसिफ शेख दुई स्थान तल झर्दै ७३औं स्थानमा पुगेका छन् ।

टी-२० ब्याटिङ वरीयतामा अस्ट्रेलियाका ट्राभिस हेड शीर्ष स्थानमा, भारतका सूर्यकुमार यादव दोस्रो स्थानमा र इङ्गल्यान्डका फिल साल्ट तेस्रो स्थानमा यथावत् छन् । यसैगरी टी-२० बलिङ वरीयतामा सोमपाल कामी ९३औं र दीपेन्द्रसिंह ऐरी ९७औं स्थानमा यथावत् छन् । यो वरीयतामा इङ्गल्यान्डका आदिल रशिद शीर्ष स्थानमा छन् भने वेस्ट इन्डिजका अकेल होसेन चार स्थान सुधार गर्दै दोस्रो र वेस्ट इन्डिजकै गुदाकेश मोटी १० स्थान सुधार गर्दै तेस्रो स्थानमा आइपुगेका छन् । यसैगरी टी-२० वरीयताको अलराउन्डरतर्फ गुल्सन झा र कुशल भुर्तेल समान दुई स्थान सुधार गर्दै क्रमश: ६९औं र ७०औं स्थानमा आइपुगेका छन् । यस्तै करण केसी एक स्थान सुधार गर्दै ७५औं स्थानमा आइपुगेका छन् भने दीपेन्द्रसिंह ऐरी सातौं, कुशल मल्ल ३७औं र कप्तान रोहित पौडेल ५५औं स्थानमा यथावत् छन् । यो वरीयतामा अस्ट्रेलियाका मार्कस स्टोइनिस शीर्ष स्थानमा, जिम्बावेका सिकन्दर राजा दोस्रो स्थानमा र बङ्गलादेशका शाकिब अल हसन तेस्रो स्थानमा यथावत् छन् ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **स्टार शाईन कन्स्ट्रक्सन प्रालि** द.नं. १७४८७०/०७४/०७५ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२८** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक ओरालो यात्रामा



**काठमाडौँ,** भदौ १३/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार झण्डै ३७ अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३६ दशमलव ८३ अङ्कले ओरालो लागेर दुई हजार सात सय ४९ दशमलव ५७ मा ओर्लेको छ ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक आठ दशमलव ३५ अङ्कले ओरालो लागेर चार सय ८९ दशमलव ७९ मा ओर्लेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा एक उपसमूहको मात्रै उकालो लागेको छ । कूल दुई करोड ८३ लाख ४६ हजार दुई सय ४६ कित्ता शेयर रु १२ अर्ब २४ करोड ३६ लाख एक हजार तीन सय ६५ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार कुथरी बखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

रसुवागढी हाइड्रोपावर नौ दशमलव ९९, मिड सोलु हाइड्रोपावर आठ दशमलव ४८, मितेरी डेभलपमेन्ट बैंक सात दशमलव ८९ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले सात दशमलव ६२ प्रतिशतले कमाएका छन् । यस्तै थ्री स्टार हाइड्रोपावर १०, विन नेपाल लघुवित्त पाँच दशमलव ८४,एनआरएन इन्फास्ट्रक्चर पाँच दशमलव शुन्य आठ, तारागाउँ रिजेन्सी होटल चार दशमलव ९९ र नाडेप लघुवित्तका लगानीकर्ताले चार दशमलव ७८ प्रतिशतले गुमाएका छन् ।

# काँग्रेस पाल्पाका...

...काँग्रेसमा सादगी नेताको रुपमा परिचित उनी प्रजातन्त्रको पुर्नस्थापनाका निम्ति वि.सं. २०१७ देखि २०४६ सालसम्म भएका विभिन्न आन्दोलनहरुमा नेतृत्वदायी भूमिका खेलेका थिए ।

वि.सं. २०४२ को सत्याग्रहदेखि २०४६ सम्मका जनआन्दोलनमा कोइराला अग्रमोर्चामै रहेर काम गरे । आन्दोलनका क्रममा पटक-पटक जेल जीवन विताएका उनी प्रजातान्त्रिक आन्दोलनको मोर्चामा जहिल्यै निडर, प्रखर, अग्रणी र बफादार भूमिकामा रहे । स्वर्गीय कोइरालाका श्रीमती, तीन छोरा र एक छोरी हुन् । तीन छोरा मध्ये दुई छोरा र श्रीमतिको निधन भइसकेको छ । कोइरालाको निधनबाट पार्टीले एक अग्रज र अनुभवी अभिभावकलाई गुमाएको काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए ।

कोइरालाको निधनप्रति सभापति देउवा दुखी नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रजातन्त्र सेनानी तथा पाल्पाका पूर्व सभापति कोइरालाको निधनमा दु:ख व्यक्त गरेका छन् । उनको निधनप्रति शोक वक्तव्य जारी गर्दै भनेका छन् 'नेपाली कांग्रेस पाल्पाका पूर्व सभापति ठाकुरचन्द्र (विप्र) कोइरालाको निधनको खबरले मलाई स्तब्ध र दु:खीत बनाएको छ । नेपाली कांग्रेसको संगठन निर्माण र लोकतान्त्रिक आन्दोलनहरूमा उहाँले निर्वाह गर्नु भएको सक्रिय भूमिका पार्टीमा सदा स्मरणीय रहिरहनेछ । उहाँको निधनप्रति म गहिरो दु:ख व्यक्त गर्दछु । साथै, उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु ।'

कोइरालाको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली दिनका लागि काँग्रेसका नेताहरु उनको निवास बर्तुङ पुगेका थिए । बिहीबार नै उनको राम्दीमा दाहसंस्कार गरिएको वडा अध्यक्ष सागरमान महर्जनले बताए ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई